# गोसाइकुण्ड गाउँपालिका रसुवा

## स्थानीय राजपत्र

**खण्डः- ०५ संख्याः-११ मितिः- २०७९/०९/१०**

भाग - २

### गोसाईकुण्ड गाउँपालिकाको गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९

परिच्छेद - १

**प्रस्तावना**

गोसाईकुण्ड गाउँपालिका क्षेत्रभित्र प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी विकास निर्माणमा स्थायित्व तथा सेवा प्रवाहमा सुलभता ल्याउनु वाञ्छनीय भएकाले गोसाईकुण्ड गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा १५ लाई कार्यान्वयन गर्न गोसाईकुण्ड गाउँपालिकाले "गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" निर्माण गरी लागू गरेको छ ।

Scanned with CamScanner

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले गोसाईकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "शिक्षा समिति" भन्नाले गोसाईकुण्ड गाउँपालिका शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले गोसाईकुण्ड गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "उपाध्यक्ष" भन्नाले गोसाईकुण्ड गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) "अधिकृत" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "शिक्षा अधिकृत" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज) "कोष" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँपालिका अध्यक्ष छात्रवृत्ति कोष सम्झनु पर्छ ।

झ) "शिक्षा शाखा" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

ञ) " छात्रवृत्ति कार्यान्वयन समिति" भन्नाले दफा ४.१ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।



Scanned with CamScanner

## परिच्छेद - २

### ३. उद्धेश्य

यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्:

क) गाउँपालिकाको प्राविधिक तथा व्यावसायिक शिक्षामा टेवा पुर्याउनु ।

ख) प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गको पँहुच सुनिश्चित गर्नु ।

ग) गाउँपालिकामा देखिएको प्राविधिक तथा व्यावसायिक जनशक्तिको कमी पुर्ति गर्नु ।

### ४. छात्रवृत्ति कोष कार्यान्वयन समिति:

४.१ यो कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँपालिका स्तरमा देहाय बमोजिमको गाउँपालिका अध्यक्ष छात्रवृत्ति निर्णायक समिति रहनेछ ।

क) अध्यक्ष - संयोजक

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) शिक्षा समितिका सदस्यहरुमध्ये बाट सो समितिले सिफारिस गरेको एक जना - सदस्य

ङ) शिक्षा अधिकृत - सदस्य सचिव

४.२ समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

४.३ छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४.४ बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

४.५ समितिको काम,कर्तव्य र अधिकार:

क) छात्रवृत्ति वितरणका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।



Scanned with CamScanner

ख) आवेदकको निवेदन र कागजातको रितपूर्वक अध्ययन गरी अनुसूची २ वमोजिमको मापदण्डको आधारमा निर्णय गर्ने ।

ग) छात्रवृत्ति कोषको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने ।

घ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

४.६ शिक्षा शाखाको कार्य:

क) समितिको निर्णय बमोजिम सूचना प्रकाशन गर्ने ।

ख) आवेदकको निवेदन संकलन गरी समितिको बैठकमा पेश गर्ने ।

ग) छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।

घ) समितिको निर्णय वमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद ३

### ५. छात्रवृत्तिका लागि छनोट प्रक्रिया:

क) छात्रवृत्ति सामुदायिक तथा संस्थागत विद्यालय वा शैक्षिक संस्थाको स्नातक तहमा प्राविधिक विषय अध्यययन गर्ने विद्यार्थीका लागि मात्र उपलब्ध गराइनेछ ।

ख) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले अनुसूची १ वमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

ग) छात्रवृत्ति प्राप्त गर्न आवेदकले अनुसूची २ अनुसारको कागजात पेश गर्नु पर्नेछ ।

घ) छात्रवृत्तिमा छनोट अनुसूची ३ वमोजिमको मापदण्डका आधारमा हुनेछ ।

### ६. छात्रवृत्ति रकम सम्बन्धि व्यवस्था:

छात्रवृति रकम देहाय वमोजिम वितरण गरिनेछ:

क) MBBS - प्रतिवर्ष १००००० चार वर्षसम्म

ख) इन्जिनियरिङ - प्रतिवर्ष ५०००० चार वर्षसम्म

ग) बाली विज्ञान / पशु विज्ञान / वन विज्ञान / फार्मेसी / डेन्टल



Scanned with CamScanner

साइन्स / ल्याब टेक्नोलोजी / नर्सिङ / खाद्य विज्ञान - प्रतिवर्ष ३०००० चार वर्षसम्म

घ) होटेल व्यवस्थापन / कानुन - प्रतिवर्ष २०००० चार वर्षसम्म

ङ) शिक्षा (विज्ञान / अंग्रेजी / गणित) - प्रतिवर्ष १०००० चार वर्षसम्म

६.१ छात्रवृत्ति रकम कोष स्थापना गरी सो कोषबाट निकासा गर्ने ।

६.२ सम्बन्धित छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीको खातामा छात्रवृत्ति रकम निकासा गर्ने ।

६.३ छात्रवृत्ति कोष कार्यान्वयन समितिको निर्णय बमोजिम वार्षिक कोटा तोकिने ।

६.४ छुट्याइएको कोटामा आवेदन नपरेमा प्राथमिकता क्रमका आधारमा प्राप्त

आवेदनकर्ताहरुमध्ये छात्रवृत्ति छनोट समितिको निर्णय बमोजिम छात्रवृत्ति वितरण गरिनेछ ।

७. शर्त तथा वन्देजहरुः

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न शर्त तथा बन्देजहरु लागू हुनेछन् ।

क) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीले मात्र छात्रवृति प्राप्त गर्नेछन् ।

ख) कुनै कारणवश विद्यार्थीले अध्ययन वीचैमा छाडेमा वा अन्य कारणले अध्ययन निरन्तर हुन नसकेमा छात्रवृत्ति दिइनेछैन ।

ग) एकै सगोल घरभएका परिवारको एकपटकमा एक जनाले मात्र छात्रवृत्ति पाउन योग्य हुनेछ ।

घ) छात्रवृत्तिको कार्यक्षेत्र गोसाईकुण्ड गाउँपालिकाको स्थायी बासिन्दाको हकमा मात्र लागु हुनेछ।

ङ) नेपाल सरकार वा अन्य कुनै किसिमको छात्रवृत्तिमा अध्ययन



Scanned with CamScanner

गरिरहेको विद्यार्थीको हकमा यो कार्यविधि लागु हुने छैन ।

च) छात्रवृत्ति प्राप्त गर्नका लागि सामुदायिक वा सरकारी विद्यालयबाट कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ । तर दरखास्त आह्वान गर्दा सामुदायिक वा सरकारी विद्यालयबाट कक्षा १२ वा सो सरह उत्तीणा गरेको विद्यार्थीबाट दरखास्त प्राप्त नभएमा नीजि वा संस्थागत विद्यालयबाट कक्षा १२ वा सो सरह उत्तीण विद्यार्थीले समेत छात्रवृत्ति प्राप्त गर्न सक्नेछ ।

छ) छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको प्रत्येक शैक्षिक सत्र वापत पालिकाले तोकेको ठाउँमा गई कम्तीमा दुई महिना सेवा गर्नुपर्नेछ ।

ज) छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीले अध्ययन सकिएको मितिले तीन महिनाभित्र अनुसूचि ३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

### विविधः

८. बाधा अड्काउ फुकाउः यो कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्न सक्नेछ । त्यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिनेछ ।

९. बचाउः यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियमबमोजिम हुनेछ ।



Scanned with CamScanner

## अनुसूची – १

सम्बन्धित आवेदकले दिने निवेदनको ढाँचा

मितिः ........../......../........

श्रीमान् कार्यालय प्रमुख ज्यू,

गोसाईकुण्ड गाउँपालिकाको कार्यालय,

स्याफ्रुवेँशी, रसुवा ।

विषयः प्राविधिक विषय अध्ययन गर्न छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा ...............................................प्राविधिक विषय अध्ययन गर्न शैक्षिक सत्र ............ मा ......................................... ............................ क्याम्पस / कलेजमा भर्ना भई नियमित अध्ययन कार्य सुरु भइसकेको हुनाले निम्न विवरण सहित छात्रवृत्ति उपलब्ध गराइ पाऊँ ।

१. विद्यार्थीको नाम, थरः

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः

(क) प्रदेशः

(ख) जिल्लाः

ग) गाउँपालिकाः

३. अभिभावकको नाम, थरः

(क) बाबुको नाम, थरः

(ख) पेशाः

(ग) आमाको नाम, थरः

(घ) पेशाः

४. विद्यार्थी वा निजको अभिभावकको सम्पर्क नम्बरः

५. यस अघि कुनै छात्रवृत्ति पाए / नपाएको:



Scanned with CamScanner

६. कक्षा १२ को ग्रेड र विषयः

७. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको:

८. गरिबी परिवार परिचय पत्र भए वा नभएको:

९. आफूलाई कुन समूहको भन्न रुचाउनुहुन्छ । कुनै एक वटामा रेजा लगाउनुहोसः

(क) महिला (ख) जनजाति (ग) दलित (घ) अपाङ्गता

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सँहुला बुझाउँला ।

निवेदकः
दस्तखतः ...............................
नामः .................................
ठेगानाः ..........................



Scanned with CamScanner

## अनुसूची – २

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूको विवरणः

१. सामुदायिक विद्यालय वा शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको प्रमाणपत्र वा ग्रेडसिटको प्रतिलिपि,

२. तोकिएको स्नातक तहको प्राविधिक धारमा भर्ना भएको प्रमाणपत्र,

३. जन्मदर्ता वा नागरकिताको प्रमाणपत्रको प्रतिलिपि,

४. जनजाति, दलित र विपन्नता वा गरिबीकोको हकमा सम्बन्धित आयोग, मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि,

६. कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको विद्यालय वा शैक्षिक संस्था सामुदायिक वा सरकारी हो भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको पत्र ।



Scanned with CamScanner

## अनुसूची – ३

छात्रवृत्तिको छनौटको मापदण्ड

१. शैक्षिक योग्यता बापतः

८०% - १००% : १५ अंक

६०% - ७९% : १० अंक

४०% - ५९% : ५ अंक

२. महिलाः ५ अंक

३. जनजाति / दलित / अपांगः ३ अंक

४. गरिबी वा विपन्नको प्रमाणपत्र प्राप्तः २ अंक

५. सामुदायिक विद्यालय वा शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तिर्ण बापतः ३ अंक

६. हाल अध्ययन गरेको संस्था सामुदायिक वा सरकारी भए बापतः २ अंक

(समग्रमा छात्रवृत्ति पाउन कम्तीमा ५०% अंक ल्याउनुपर्नेछ ।)



Scanned with CamScanner

अनुसूची – ४

प्रतिवेदनको ढाँचा

श्री गोसाईकुण्ड गाउँपालिका,
स्याफ्रुवैंशी, रसुवा।

विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा।

..............................., .................................... बाट छात्रवृत्तिमा छनौट भई.................................. सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./सन् ...............मा.................... विषयमा स्नातक तहमा अध्ययन गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु।

प्रतिवेदन पेश गर्नेको,

सहीः

नामः

ठेगानाः

मितिः

उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययनको विषयः

(ख) अध्ययन गरेको संस्थाको नाम र ठेगानाः

(ग) हासिल गरेको शैक्षिक योग्यताः

(ङ) अध्ययन समाप्त भएको मितिः

(च) विदेशमा अध्ययन वा तालिममा गएको भए नेपाल आइपुगेको मितिः

(छ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रमः



Scanned with CamScanner

(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने)

(ज) अध्ययन गर्दा आई परेका समस्याहरुः

(झ) अध्ययन गर्दा भएको खर्चः

(ञ) अध्ययन वा तालिम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को

विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने):

(ट) अध्ययन अवधिमा विषय परिवर्तन गरे/नगरेको (यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने):

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner